कृषि तथा वन विज्ञान विश्वविद्यालय

परीक्षा नियन्त्रण कार्यालय

रामपुर, चितवन

# प्रथम दीक्षान्त समारोहको कार्यक्रम सम्बन्धी सूचना

कृषि तथा वन विज्ञान विश्वविद्यालयको प्रथम दीक्षान्त समारोह २०७५ साल वैशाख २१ गते शुक्रवार तदनुसार May 4, 2018 मा कृषि तथा वन विज्ञान विश्वविद्यालयको केन्द्रीय कार्यालय, रामपुर, चितवनमा आयोजना गरिने भएकोले सम्बन्धित सबै विद्यार्थीको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । समारोहमा सहभागी हुने विद्यार्थीहरुले आ-आफ्नो गाउन / स्कार्फ / ह्याट पहिरि प्रवेशद्धारमा आफूले प्राप्त गरेको ग्रेस कार्ड देखाई विहान १०:३० वजे भित्र समारोह स्थलमा प्रवेश गर्नु पर्ने र Seating Arrangement अनुसार तोकिएको स्थानमा वसिसक्नु पर्नेछ । यस समारोहसंग सम्बन्धित अन्य विस्तृत कार्यक्रम निम्नानुसार हुनेछ ।

१. गाउन / स्कार्फ / ह्याट वितरण :

(क) मिति : २०७५ साल बैशाख १९ गते देखि बैशाख २० गते अपरान्ह १:०० बजे सम्म

(ख) स्थान : कृ.व.वि.वि., केन्द्रीय कार्यालय, रामपुर, चितवन ।

(ग) अनिवार्य रुपमा ल्याउनुपर्ने कागजातहरु : दीक्षान्त समारोहमा भाग लिन लिएको ग्रेस नम्वरको कार्ड र सक्कल रसिद

(घ) समारोहको दिन २०७५।०१।२१ गते गाउन / स्कार्फ /ह्याट समारोह स्थलवाट वितरण नगरिने भएकोले उपरोक्त तोकिएको मिति भित्रै गाउन / स्कार्फ /ह्याट अनिवार्य रुपमा लिई सक्नुपर्नेछ ।

२. पोशाक : समारोहमा भाग लिन आउने विद्यार्थीहरुले लगाउनुपर्ने पोशाक निम्नानुसार हुनेछ ।

(क) छात्रहरुले आफूखुशी फूलसर्ट र पाइन्ट

(ख) छात्राहरुले आफूखुशी फूलसर्ट र पाइन्ट वा साडी ब्लाउज

३. प्रमाणपत्र वितरण :

(क) प्रमाणपत्र वितरण कृ.व.वि.वि.को हल वाहिरको काउन्टरवाट प्रमाणपत्र वितरण गरिनेछ ।

(ख) प्रमाणपत्र लिन यस कार्यालयवाट उपलब्ध गराएको ग्रेस नम्वरको कार्ड अनिवार्य रुपमा वुझाउनु पर्नेछ ।

(ग) दीक्षान्त समारोहमा उपस्थित भएका तर सो दिन प्रमाणपत्र लिन नभ्याएका र भाग लिन आवेदन दिई भाग लिन नसकेका विद्यार्थीहरुले पछि कृ.व.वि.वि. परीक्षा नियन्त्रण कार्यालय, रामपुरवाट प्रमाणपत्र प्राप्त गर्नेछन ।

४. गाउन / स्कार्फ / ह्याट र धरौटी रकम फिर्ता :

(क) कृ.व.वि.वि., केन्द्रीय कार्यालय, रामपुरवाट गाउन / स्कार्फ / ह्याट विद्यार्थीवाट लिई धरौटी रकमबाट रु.१,०००।०० कटाई बांकी रकम फिर्ता गरिनेछ ।

(ख) गाउन / स्कार्फ / ह्याट वितरण गर्दा दिइएको मेमोपेपरका साथ गाउन / स्कार्फ / ह्याट फिर्ता वुझाएपछि मात्र धरौटी रकम फिर्ता गरिनेछ । गाउन / स्कार्फ / ह्याट कुनै एक हराएमा, क्षति भएमा वा औपचारिक कार्यक्रम समाप्त भएको भोलिपल्ट देखि सात दिन भित्रमा फिर्ता नवुझाएमा निजको धरौटी रकम फिर्ता गरिनेछैन ।

(ग) फारम भरेका तर गाउन / स्कार्फ / ह्याट नलगेका विद्यार्थीहरुको पनि धरौटी रकमवाट रु.१०००।०० कटाई बांकी रकम फिर्ता गरिनेछ ।

(घ) धरौटी फिर्ता लिन सक्कल रसिद अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । अन्यथा रकम फिर्ता गरिनेछैन ।

(ङ) धरौटी फिर्ता लिन आफै उपस्थित हुन नसक्ने अवस्थामा मन्जुरीनामा सहित रकम लिन आउने व्यक्तिको परिचयपत्र पेश गर्नुपर्नेछ ।

यो प्रथम दीक्षान्त समारोह सफल पार्न सम्बन्धित सवै क्षेत्रवाट कृषि तथा वन विज्ञान विश्वविद्यालय सहयोगको अपेक्षा गर्दछ । यो सूचना यस विश्वविद्यालयको वेभसाइट www.afu.edu.np मा पनि हेर्न सकिनेछ ।

परीक्षा नियन्त्रक